बर्जु गाउँपालिका, सुनसरीद्वारा प्रकाशित

# बर्जु राजपत्र

खण्डः २ संख्याः१२ मितिः२०७८/०९/२०

भाग -२

## बर्जु गाउँपालिका

नेपालको संविधानको धारा २२६ बमोजिम तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ र बर्जु गाउँपालिका कार्यसम्पादन नियमावली २०७५ बमोजिम गाउँ कार्यपालिकाको बैठकले बनाएको यो कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# कृषिमा आधारित व्यवसायका लागी अनुदान वितरण कार्यविधि

# २०७८

(गाउँ कार्यपालिकाको मिति २०७८/०९/२० को निर्णयवाट स्वीकृत)

बर्जु गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

अमाहिवेल्हा सुनसरी

# कृषिमा आधारित व्यवसायका लागी अनुदान वितरण कार्यविधि २०७८

(गाउँ कार्यपालिकाको मिति २०७८/०९/२०.को निर्णय वाट स्वीकृत)

**पृष्टभूमी**

निर्वाहमुखी कृषि पेशालाई व्यवसायिक पेशामा रुपान्तरण गर्न, यूवाहरुलाई कृषि, पेशामा आकर्षण गराउन तथा कृषिजन्य उत्पादन खस्कन नदिई साविकमा भन्दा उत्पादन तथा उत्पादकत्व वढाई यस गाउँपालिका लाई कृषिमा आधारित उत्पादनमा आत्मनिर्भर वनाई गाउपालिका तथा वडावाट प्रदान गरिने कृषिमा आधारित व्यवसाय अनुदान वितरण लाई व्यवस्थित तथा प्रभावकारी वनाउन आवश्यक भएकोले कार्यपालिकावाट स्वीकृत गरी यो कार्यविधि लागु गरिएको छ।

## परिच्छेद १

**१.संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम " **कृषिमा आधारित व्यवसायका लागी अनुदान वितरण कार्यविधि २०७८**" रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकावाट स्वीकृत गरेको मितिवाट लागु हुने छ।

**२.परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

(३) "**कृषिमा आधारित व्यवसाय भन्नाले**" अन्नवाली ,नगदेवाली ,पशुपालन ,दुग्ध उत्पादन ,माछापालन,गाईभैसी पालन,हाँस कुखुरा परेवा पालन,सुंगुर वंगुर पालन र यस्तै प्रकृतीका कृषिमा आधारित व्यवसाय भन्ने वुझ्नु पर्दछ।

(४) "**आवेदक**" भन्नाले कृषिमा आधारित व्यवसायका लागी अनुदान पाउनका लागी छनौट भएका आवेदकदलाई जनाउदछ।

(५) "**गाउँपालिका**" भन्नाले बर्जु गाउँपालिका सुनसरी सम्झनु पर्दछ।

(६) **वडा कार्यालय** भन्नाले बर्जु गाउँपालिका भित्रका १ देखी ६ नं.सम्मका सवै वडाकार्यालय सम्झनु पर्दछ।

**३.कार्यक्रम संचालनको उद्धेश्य :**

यस कृषिमा आधारित व्यवसायका लागी अनुदान वितरण कार्यक्रम संचालनको उद्धेश्य देहाय वमोजिम हुनेछ।

(१) निर्वाहमुखी कृषहरुलाई व्यवसायिक कृषकमा रुपान्तरण गरी कृषि वस्तुको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने।

(२) कृषि क्षेत्रमा व्यवसायिकता र उद्यमशिलताको प्रवर्द्धन गर्ने ।

(३) शिक्षित वेरोजगार यूवाहरुलाई कृषि पेशामा आकर्षित गराँई स्थानियस्तरमा रोजगारी सिर्जना गर्ने ।

(४) वडाहरुमा कृषिपेशा लाई नमुना कृषि व्यवसायको रुपमा परिणत गरी उन्नत कृषि प्रविधि अवलोकन तथा प्रशिक्षण स्थलको रुपमा प्रयोग गरी किसान प्रसार पद्धतीको प्रवर्द्धन गर्ने ।

## परिच्छेद २

### कार्यक्रम सञ्चालन विधि

**४ .कार्यक्रम सञ्चालन**

(१) यो कार्यक्रम गाउंपालिका तथा वडा कार्यालय मार्फत संचालन हुने छ ।

(२) यस कार्यविधि प्रयोजनका लागी कृषि व्यवसाय लाई देहायअनुसार विभाजन गरिएको छ ।

(क) “क” वर्ग स्थापना लागत कुल रु.वीसलाख भन्दा माथी ।

(ख) “ख” वर्ग स्थापना लागत कुल रु.वीसलाख सम्म भएका फर्म तथा व्यवसायहरु ।

(ग) “ग” वर्ग स्थापना लागत कुल रु दशलाख सम्म भएका फर्म तथा व्यवसायहरु ।

(घ) “घ” वर्ग स्थापना लागत कुल रु.पाँचलाख सम्म भएका कृषि फर्म तथा व्यवसायहरु ।

**५.प्रस्ताव माग गर्ने** :

(१) कृषिमा आधारित व्यवसाय संचालन अनुदान उपलब्ध गराउने उदेश्यले गाउँपालिका तथा वडाले न्यूनतम ७ दिन र वढीमा ३० दिने म्याद राखी प्रस्ताव आह्वान सम्वन्धि अनुशुची १ वमोजिम सार्वजनिक सुचना प्रकाशन गर्ने छ ।

(२) उपदफा (१) वमोजिम आवेदकले अनुशुची २ वमोजिम निवेदनको साथमा देहाय वमोजिम कागजातहरु पेश गर्नु पर्ने छ ।

(क) फर्म वा संस्था प्रचलित ऐन नियम वमोजिम सम्वन्धित निकायमा दर्ता भएको प्रमाणपत्र र स्थायी लेखा नम्वर/मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी एक/एक प्रति, गत आर्थिक वर्षको लेखापरिक्षण प्रतिवेदन तथा कर चुक्ताको प्रमाणपत्र ।

(ख) कृषि फर्म संचालनमा रहेको वा संचालन गर्न उपयूक्त हुने व्योहोरा सहितको सिफारिस ।

(ग) साझेदारीमा कृषि पेशा वा व्यवसाय संचालन हुने भएमा लागत साझेदारी उल्लेख गरिएको पत्र ।

(घ) आवेदकको कार्यसमितिको वैठकले व्यवसाय संचालनका लागी अनुदान माग गर्नका लागी गरेको निर्णयको प्रतिलिपी ।

(ङ.) आवेदकले आफुले संचालन गरेको वा स्थापना गर्न कृषि व्यवसायको अनुशुची ६ वमोजिमको प्रस्ताव ।

(च) आवेदक वा निजको परिवारको स्वामित्वमा पर्याप्त जग्गा रहेको जग्गाधनि प्रमाणपुर्जाको प्रतिलिपी वा जग्गा भाडामा लिएर व्यवसाय संचालन गर्नेको हकमा अधिकार प्राप्त कानुन व्यवसायिले ल्याएको कम्तिमा १० वर्ष कार्य अवधि रहेको भाडामा लिएको खुल्ने सक्कल कागज ।

(३) कुनै एक आवेदकले एक पटकमा अनुशुची ७ मा उल्लेख भएको एउटा क्षेत्रमा मात्र प्रस्ताव पेश गर्न पाउने छ ।

(४) प्रस्तावकले प्रस्ताव गरेको कृयाकलाप संचालन गर्न सामान्यतया अन्य निकाय वाट अनुदान प्राप्त नगरेको हुनु पर्ने छ ।

**६.प्रस्ताव संकलन :**

(१) दफा ५ वमोजिम पेश भएका प्रस्तावहरु तोकिएको समयभित्र सम्वन्धित गाउँपालिका वा वडामा पेश गर्नु पर्नेछ ।

(२) निर्धारित समयभित्र पेश हुन आएका प्रस्तावहरु अनुशुची ४ वमोजिमको चेक लिस्ट रुजु गरी सम्वन्धित प्रस्तावको सहीछाप गरी गाउँपालिका वा वडाकार्यालयले वुझ्नु पर्नेछ ।

(३) यसरी प्राप्त प्रस्तावहरु मध्ये दफा ४ उपदफा (२) को खण्ड (क) अन्तर्गतका प्रस्तावहरु सम्वन्धित गाउँपालिका /वडामा नै राख्नु पर्नेछ ।

**७.प्रस्तावको छनौट समिति तथा प्रकृया :**

(१) प्रस्तावहरुको छनौट समिति गाउँपालिका तथा वडाको लागी देहायअनुसारको हुने छ ।

**गाउँपालिकाको लागी**

(क) प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी ..................संयोजक

(ख) आर्थिक प्रशासन प्रमुख ......................................................................सदस्य

(ग) योजना शाखा प्रमुख ......................................................................................सदस्य

(घ.) कृषि/पशु सेवा विषय विज्ञ वा प्राविधिक .......................................................सदस्य

(ङ.) कृषि/पशु सेवाकेन्द्रको प्रमुख .................................. ....................सदस्य सचिव

समितीले आवश्यक्ता अनुसार केही सदस्य मनोनित समेत गर्न सक्ने छ ।

**वडाकार्यालयको लागी**

(क) सम्वन्धि वडाको वडाध्यक्ष ................................................... ..................संयोजक

(ख) वडासदस्यहरु ..............................................................................................सदस्य

(ख) कृषि/पशु सेवाकेन्द्रको कर्मचारी ......... ........... ............................सदस्य

(घ) वडा सचिव . .................................................. सदस्य सचिव

(२) प्रस्तावहरु दफा ७ उपदफा (१) वमोजिमको छनौट समितिले अनुशुची ५ बमोजिमका आधारमा पूर्व छनौट गर्नु पर्ने छ। साथै पूर्व छनौटमा कम्तिमा ६० अङ्क प्राप्त प्रस्तावहरु लाई सफल प्रस्ताव मानिने छ।

(३) पूर्व छनौटमा सफल प्रस्तावहरुको अनुशुची ६ बमोजिमका आधारमा स्थलगत निरिक्षण गरी मूल्यांकन गर्नु पर्ने छ।

**८.कार्यान्वयन तथा बजेट व्यवस्था :**

**(१) कृषिमा आधारित व्यवसाय को वर्गीकरण,अनुदान रकम तथा कार्यान्वयनको व्यवस्था देहाय अनुसार हुने छ।**

| कृषि व्यवसायको नाम | वर्ग | अनुदान रकम प्रस्तावित लागतको अधिकतम | कैफियत |
|---|---|---|---|
| नमुना कृषि व्यवसाय/ फार्म संचालन ( गाई भैसीं ,सुंगुर वंगुर ,वाखा पालन ,माछापोखरी,कुखुरा हाँस ,) आदी/ मौरीपालन समेत | क वर्ग | अधिकत ८०% सम्म | |
| | ख वर्ग | अधिकत ७०% सम्म | |
| | ग वर्ग | अधिकत ६०% सम्म | |
| | घ वर्ग | अधिकत ५०% सम्म | |

| कृषि व्यवसायको नाम | वर्ग | अनुदान रकम प्रस्तावित लागतको अधिकतम | कैफियत |
|---|---|---|---|
| नमुना डेरी उद्योग संचालन ( दुग्ध उत्पादन ,संकलन तथा वितरण केन्द्र) | क वर्ग | अधिकत ८०% सम्म | |
| | ख वर्ग | अधिकत ७०% सम्म | |
| | ग वर्ग | अधिकत ६०% सम्म | |
| | घ वर्ग | अधिकत ५०% सम्म | |

| कृषि व्यवसायको नाम | वर्ग | अनुदान रकम प्रस्तावित लागतको अधिकतम | कैफियत |
|---|---|---|---|
| व्यवसायिक तरकारी तथा फलफुल खेती /च्याउ उत्पादन | क वर्ग | अधिकत ५०% सम्म | कम्तीमा ५ कठ्ठा क्षेत्रफलमा लगाएको |
| | ख वर्ग | अधिकत ४०% सम्म | कम्तीमा १५ कठ्ठा क्षेत्रफलमा लगाएको |
| | ग वर्ग | अधिकत ३०% सम्म | कम्तीमा १ विघा क्षेत्रफलमा लगाएको |
| | घ वर्ग | अधिकत २०% सम्म | १ विघा भन्दा वढी |

## परिच्छेद ३

## साझेदारी र अनुदान प्रवाह

### ९ लागत ईष्टिमेट र सम्झौता

(१) प्रस्ताव छनौट पश्चात अनुदाग्राहीले प्रस्ताव वमोजिम कृषिमा आधारित व्यवसाय संचालनको लागी सम्वन्धित विषयको प्राविधिक मार्फत स्थलगत सर्भेक्षण गराएर लागत ईष्टिमेट तयार गरी स्वीकृतीको लागी पेश गर्नु पर्ने छ।

(२) स्वीकृत इष्टिमेटको आधारमा गाउँपालिका/वडा र अनुदानग्राही वीच अनुशुची ९ बमोजिमको सम्झौता गरिने छ । एक वर्षमा सम्पन्न नहुने प्रकृतिका कृषि व्यवसायहरुको हकमा सम्झौतामा अनिवार्य रुपमा प्रथम वर्ष र दोश्रो वर्षमा उपलब्ध गराईने अनुदान रकम उल्लेख गर्नु पर्नेछ ।

(३) अनुदानग्राहीले कृषिमा आधारित व्यवसाय संचालनको कार्य प्रारम्भ र सम्पन्न गर्दा कम्तीमा १/१ पटक स्थानिय जनप्रतिनिधीको सहभागितामा सार्वजनिक सुनुवाई गर्नुपर्छ । साथै लागत सहभागिता रकम खुलेको होर्डिङ्ग वोर्ड फार्म संचालन अवधिभर सर्वसाधारणले देख्ने गरी कार्यक्रम स्थलमा राख्नु पर्नेछ ।

(४) लागत इष्टिमेट तयार गर्दा कुल अनुदान रकमको ३% रकम कन्टिजेन्सी स्वरुप राखिने छ ।उक्त रकम प्राविधिको दैनिक भ्रमणभत्ता र समितिको बैठक भत्ता र अन्य व्यवस्थापकिय कार्यमा प्रयोग गर्न सकिनेछ ।

१०. **अनुदान रकम र भुक्तानी प्रकृया :**

(१) कृषिमा आधारित व्यवसायको लागी दफा ८ को तालिका अनुसार गाउँपालिका/वडाले गरेको निर्णय वमोजिम अनुदान रकम तोकिनेछ । अनुदानग्राहीले अनुदान वाहेकको खर्च आफै जुटाई कार्यक्रम संचालन गर्नुपर्ने छ ।

(२) कार्यक्रम शुरु गर्नको लागी अनुदानग्राहीले आफनो तर्फवाट गर्ने कार्य सम्पन्न पश्चात पेश्की रकम आवश्यक भएमा गाउँपालिका/वडाले कुल अनुदान रकमको बढीमा २०% रकम पेश्की स्वरुप उपलब्ध गराउन सक्नेछ ।

(३) सम्वन्धित विषयको प्राविधिक प्रतिवेदन सहित कार्य सम्पन्नताको आधारमा अनुदान रकम सम्वन्धित अनुदानग्राहीको बैंक खाता मार्फत एकमुष्ट वा बढीमा ३ किस्ता मार्फत उपलब्ध गराईने छ ।

(४) कार्य सम्पन्न भई सकेपछी सोको संचालन एवं व्यवस्थापन गर्ने सम्पूर्ण जिम्वेवारी सम्वन्धित अनुदानग्राहीको हुनेछ ।

(५) अनुदानग्राहीले व्यवसाय प्रकृतिको आधारमा कम्तिमा ५ देखि १० वर्ष सम्म अविछिन्न रुपमा प्रस्ताव एवं सम्झौता बमोजिमको व्यवसाय संचालन गर्नु पर्नेछ ।

(६) अनुदानग्राहीले आफनो कृषि व्यवसायको अनिवार्य रुपमा कृषि विमा गराउनु पर्नेछ ।

## परिच्छेद ४

### अनुगमन तथा विविध

<u>**१.१ अनुगमन तथा मुल्यांकन :**</u>

(१) गाउँपालिका वा वडाकार्यालयले सम्वन्धित कृषि व्यवसायमा आधारित फर्महरुको अनुगमन तथा मूल्यांकन गर्नेछ

(२) अनुगमन निरिक्षण प्रतिवेदन गाउँपालिकाको विषयगत शाखा हेर्ने शाखा प्रमुखले चौमासिकमा एकपटक गाउँपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(३) गाउँपालिकाले प्रतिवेदनको अध्ययनगरी वा कार्यक्रमको स्थलगत निरिक्षण गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

(४) उपदफा (३) वमोजिमको निर्देशन पालना गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ ।

(५) सम्झौता अनुरुप काम नगर्ने अनुदानग्राहीको अनुदान रोक्का गर्न सकिनेछ ।यस कार्यविधि अनुरुप अनुदानको दूरुपयोग गरेमा वा रकमको हिसाब नवुझाउने अनुदानग्राही लाई प्रचलित कानुन वमोजिम कार्वाही गरी असुलउपर गरिने छ ।

१.२. आर्थिक प्रशासन सेवा :

(१) कार्यक्रमको लेखा,लेखांकन र लेखापरिक्षण प्रचलित ऐन कानुन,कार्यविधि वमोजिम हुनेछ ।

१.३. प्रचलित कानुन लागु हुने :

(१) कार्यक्रम कार्यान्वयनको सम्वन्धमा यस कार्यविधिमा उल्लेख भएकाको हकमा यसै वमोजिम तथा कार्यविधिमा उल्लेख नभएकाको हकमा प्रचलित कानुन वमोजिम हुनेछ ।

१.४ बाधा अडकाउ फुकाउने (खारजी एवं संसोधन) :

(१) कार्यविधि कार्यान्वयनको सन्दर्भमा गाउँपालिकाले आवश्यक निर्णय लिन सक्नेछ ।

(२) कार्यविधि कार्यान्वयनमा वाधा अडचन परेमा वा विवाद उत्पन्न भएमा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ ।

(३) कार्यविधिलाई आवश्यक्ता अनुसार गाउँपालिकाले खारेजी वा संसोधन गर्न सक्नेछ ।

## अनुशुची १

## कृषि व्यवसाय संचालन अनुदानका लागी प्रस्ताव पेश गर्ने सम्वन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७......./..../......**

यस गाउँपालिका/वडाद्धारा आ.व.२०७..../...../....मा सञ्चालन गरिने कृषिमा आधारित व्यवसायका संचालनका लागी प्रस्तावित लागतको वढीमा .............% प्रतिशत सम्म अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा देहाय बमोजिमको ......................फार्म संचालन गर्न ईचछुक वा संचालन गरिरहेका ईच्छुक गा.पा./वडा भित्रका कृषि उद्यमी,फार्म,कम्पनी,समुह तथा सहकारीले यो सूचना प्रकाशित भएको मितिले ....दिन भित्र तोकिएको ढाँचामा परियोजना प्रस्ताव सहित देहाय अनुसारको कागजातहरु र निवेदन सम्वन्धि कृषि ज्ञान केन्द्रमा पेश गर्नका लागी सम्वन्धित सवैको जानकारीका लागी यो सुचना प्रकाशित गरिएको छ।

## तपसील

(१) कृषि फार्म वा कम्पनीको हकमा संस्थाको दर्ता प्रमाणपत्र

(२) प्यान भ्याट दर्ताको प्रमाण पत्र ।

(३) कर चुक्ता प्रमाण पत्र ।

(४) अघिल्लो आ.व.को बार्षिक वार्षिक लेखापरिक्षण प्रतिवेदन र संस्था संचालक समितिको वैठक निर्णयको प्रतिलिपी

(५) सम्वन्धित वडाको सिफारिस पत्र ।

पूनश्च : निवेदन र परियोजना प्रस्ताव यस निर्देशिकामा उल्लेख भए वमोजिम निर्दिष्ट ढाँचामा पेश गर्नु पर्ने छ।

निवेदन र परियोजना प्रस्तावको ढाँचा गाउँपालिका र वडा कार्यालयवाट माग गर्न सकिने छ।

**अनुशुची २**

**कृषि व्यवसाय संचालन अनुदानका लागी आवेदकले पेश गर्ने निवेदन**

श्रीमान् प्रमुख ज्यू,

बर्जु गाउँपालिका/**...........**वडा कार्यालय सुनसरी मिति :

............................

**विषय : कृषि व्यवसाय संचालनका लागी अनुदान सम्वन्धमा ।**

प्रस्तुत विषयमा यस गाउँपालिका/वडा कार्यालयवाट सुचना भएअनुसार .................व्यवसाय संचालनका लागी यसैसाथ संलग्न प्रस्तावमा उल्लेख भएअनुसार .................स्थापना तथा संचालनका लागी जम्मा लागत रु......................अक्षरेपी............................मध्ये ................. तर्फवाट रु.......................सहयोग सहभागिता हुने तथा स्वलगानी रु........................हुने गरी रु.............................अनुदान सहयोगका लागी तपसील अनुसारका कागजातहरु यसै निवेदन साथ पेश गरेको व्योहोरा अनुरोध गर्दछु ।

संलग्न कागजातहरु

(१) दर्ता प्रमाणपत्र ,करचुक्ता प्रमाणपत्र ,स्थायीलेखा नम्वर तथा लेखापरिक्षण प्रतिवेदन,जग्गाधनि पूर्जाको प्रतिलिपी ।

(२) निर्दिष्ट फरमेट अनुसारको प्रस्ताव ।

(३) संस्था संचालक समितिको बैठक निर्णयको प्रतिलिपी ।

(४) प्रस्ताव गरिएको काम गर्ने यस अघि कुनै पनी सरकारी निकाय वाट अनुदान नलिएको स्वोघोषणा पत्र ।

(५) सम्वन्धित वडाको व्यवसाय संचालन गर्न उपयूक्त हुने व्याहोराको सिफारिस पत्र ।

(६) जग्गा भाडमा लिएर व्यवसाय संचालन गर्नेको हकमा अधिकार प्राप्त व्यक्तिको रोहवरमा भएको दश वर्षे जग्गा भाडा सम्झौता ।

(७) अन्य सहयोगी दस्तावेज भए समावेश गर्ने ।

निवेदको हस्ताक्षर

नाम

ठेगाना

छाप

मो.नं.

अनुशुची ३

## प्रस्ताव तयार गर्दा ध्यान दिनुपर्ने कुराहरु

| क.स. | विचार गर्नुपर्ने वुँदाहरु | कैफियत |
|---|---|---|
| १. | अनुशुची २ मा उल्लेखित कागजात संलग्न भए/ नभएको | |
| २. | प्रस्तावमा अनुशुची ५ मा उल्लेख भएका वाली वस्तु तथा विषय क्षेत्रसँग सम्वन्धि भए/ नभएको | |
| ३. | प्रस्तावमा आवेदकको आर्थिक क्षमता स्पष्ट हुने आधार खुले /नखुलेको। सो सम्वन्धि कागजात संलग्न भए नभएको | |
| ४. | कृषि व्यवसायमा औपचारिक अध्ययन भए नभएको उल्लेख गर्ने तथा प्रमाण संलग्न गर्ने | |
| ५. | प्रस्तावित फार्मको दिगोपना तथा त्यसका आधार सहकारीको हकमा लाभ लागत वाँडफाँड योजना समावेश भए/नभएको तथा त्यसका आधार | |
| ६. | प्रस्तावमा उत्पादन तथा बजारीकरण योजना समावेश भए नभएको। | |
| ७. | व्यवसाय कुन वाली वस्तुमा नमूना रहनेछ , कतिवटा उन्नत प्रविधि अवलम्वन गर्नेद्ध साथै किसान कषि प्रविधि प्रसारमा कसरी सहयोगी बन्ने छ उल्लेख गर्ने | |
| ८. | प्रस्तावमा उल्लेख भएका वाली वस्तु तथा विषय क्षेत्रसँग प्रस्तावको ज्ञान सीप अनुभव सम्वन्धि विषय समावेश भए/नभएको | यदि भएमा प्रस्ताव तालिम प्रमाणपत्र संलग्न गर्ने तथा अनुभव उल्लेख गर्ने |

अनुशुची ४

## (प्रस्ताव दर्ता गर्नु पुर्व भर्नुपर्ने फारम )

| सि.नं. | संलग्न विवरण | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| १. | फर्म वा सस्था प्रचलित ऐन नियम बमोजिम सम्वन्धित निकायमा दर्ता भएको प्रमाणपत्र एक/एक प्रती | | | |
| २. | स्थायी लेखा नम्वर/मूल्य अभिवृद्धि करमा दर्ता प्रमाणपत्रको प्रतिलिपी | | | |
| ३. | गत आर्थिक वर्षको लेखापरिक्षण प्रतिवेदन | | | |
| ४. | कर चुक्ताको प्रमाणपत्र | | | |
| ५. | आवेदकको कार्यसमितिको बैठकले कृषि व्यवसाय संचालनका लागी सहयोग माग गर्नका लागी गरेको निर्णयको प्रतिलिपी | | | |
| ६. | आवेदक वा निजको परिवारको स्वामित्वमा पर्याप्त जग्गा रहेको जग्गाधनि प्रमाणपुर्जाको प्रतिलिपी वा जग्गा भाडामा लिएर व्यवसाय संचालन गर्नेको हकमा अधिकार प्राप्त कानुन व्यवसायीको रोहवरमा कम्तिमा १० वर्ष कार्यअवधि रहेको भाडामा लिएको खुल्ने सक्कल कागज | | | |
| ७ | सम्वन्धित वडाको सिफारिस पत्र | | | |
| ८. | प्रस्तव सम्वन्धि कागजात | | | |
| ९. | आवेदकले आफुले संचालन गर्ने कृषि व्यवसायको अनुशुची ६ वमोजिमको व्यवसाय संचालन प्रस्ताव | | | |
| १०. | कृषि व्यवसाय संचालन तथा स्थापना प्रस्ताव अनुशची ७ मा रहेका वाली तथा विषयक्षेत्र सँग सम्वन्धित भए नभएको | | | |
| ११. | कृषि व्यवसाय संचालन तथा स्थापना हुने वाली/विषय सँग सम्वन्धित तालिम प्रमाणपत्र | | | |
| १२. | लागत सहभागिता जुटाउने आधारको प्रमाण | | | |
| १३ | प्रस्तावको कृषि विषयमा औपचारिक अध्ययनको कागजात | | | |

प्रस्ताव वुझाउनेको नाम

हस्ताक्षर

प्रस्ताव वुझिलिनेको नाम

हस्ताक्षर

अनुशुची ५

(प्रस्ताव पूर्व छनौटका आधारहरु )

| क.स. | मूल्यांकनका आधार | मूल्यांकन | | | आवेदकले प्राप्त गरेको अंक | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | आवेदकको प्राविधिक ज्ञान सीप,अनुभव | सम्वन्धि विषयको तालिम प्राप्त गरेको | तलिम तथा प्रस्तावसँग सम्वन्धित विषयमा न्यूनतम २ वर्षको अनुभव | तलिम तथा प्रस्तावसँग सम्वन्धित विषयमा २ वर्ष भन्दा वढीको अनुभव | | |
| | *अंकभार* | ४ | ७ | १० | | |
| २. | लागत सहभागिताका लागी प्रस्तावकको आर्थिक क्षमता | प्रस्तावकको | | | | |
| | *अंकभार* | ८ | १४ | २० | | |
| ३ | प्रस्तावको कृषि व्यवसायमा औपचारिक अध्ययन | प्रस्ताव गरिएको विषयमा छोटो तालिम लिएको | कृषि विषयमा जेटी/जेटीए तथा प्रविणता प्रमाणपत्र तह अध्ययन | कृषि व्यवसायमा उच्च शिक्षा अध्ययन | | |
| | *अंकभार* | ४ | ७ | १० | | |
| ४. | प्रस्ताव गरिएको कृषि व्यवसायको भविष्यमा निरन्तरता सम्वन्धि योजना तथा दिगोपना | भविष्यमा निरन्तरता तथा दिगोपना सम्वन्धि योजना पेश नगरेको भए | मध्यम स्तरको भएमा | उत्कम स्तरको भएमा | | |
| | *अंकभार* | ४ | ७ | १० | | |
| ५. | एक वडा वाट प्राप्त प्रस्ताव संख्या | एक वडा वाट ४ भन्दा वढी प्रस्ताव आएमा | एक वडा वाट २–३ प्रस्ताव भएमा | एक वडा वाट १ मात्र प्रस्ताव भएमा | | |
| | *अंकभार* | ४ | ७ | १० | | |
| ६. | उत्पाद र वजारिकरण योजना लाभ, लागत वाँडफाँड योजना | सन्तोषजनक | मध्यम | उत्तम | | |
| | *अंकभार* | ४ | ७ | १० | | |
| ७. | प्रस्तावित कृषि व्यवसायले समुदायका अन्य कृषकहरुमा पार्न सक्ने प्रदर्शन प्रभाव र अनुदान आदान प्रदान योजना | आधुनिक प्रविधिको प्रयोग नभएको/आदान प्रदान योजना तथा संभाव्यता नभएको | आधुनिक प्रविधिको १–२ वा सो भन्दा वढी प्रयोग हुने आदान प्रदान योजना तथा संभाव्यता भएको | आधुनिक प्रविधिको ३ वा सो भन्दा वढी प्रयोग हुने आदान प्रदान योजना तथा संभाव्यता भएको | | |
| | *अंकभार* | ८ | १४ | २० | | |
| ८. | पिछडिएको वर्ग वा जातजाती/द्वन्दपिडित/ महिला | पिछडिएको जातजाती /द्वन्द्वपिडित / | पिछडिएको जातजाती /द्वन्द्वपिडित / | पिछडिएको जातजाती /द्वन्द्वपिडित / | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | महिलाको सहभागिता २०% भएमा | महिलाको सहभागिता २१–५०% भएमा | महिलाको सहभागिता ५१% भन्दा वढी भएमा | | |
| | *अंकभार* | ४ | ७ | १० | | |
| ९. | लागत सहभागिता तथा साझेदारी | व्यक्तिगत तथा बैंकिङ्ग साझेदारी | समुह तथा सहकारी सँग | स्थानिय तह वा वडा सँग साझेदारी | | |
| | *अंकभार* | ४ | ७ | १० | | |
| | **जम्मा** | ४० | ७० | १०० | | |

- समितिले यसमा प्रस्तुत आधारहरुलाई मुल्यांकन प्रयोजनका लागि Sub critera बनाउन तथा सो अनुसार अंकभार प्रदान गर्न सक्ने छ।
- पूर्व छनौटका आधारहरुमा ६० अंक प्राप्त गर्ने प्रस्तावहरुलाई मात्र स्थलगत प्रमाणिकरण चरणमा समावेश गरिनेछ।

## अनुशुची ६
## (स्थलगत प्रमाणिकरणका आधारहरु )

| क्र.स. | मूल्यांकनका आधार | मूल्यांकन | | | आवेदकले प्राप्त गरेको अंक | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रस्तावको हाल गरिरहेको कृषिको अवस्था | सन्तोषजनक | राम्रो | उत्तम तथा प्रस्ताव सँग सम्वन्धित | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | *अंकभार* | ४ | ७ | १० | | |
| २. | कृषि व्यवसायको लागी भौतकि उपयूत्तता | सन्तोषजनक | राम्रो | उत्तम तथा प्रस्ताव सँग सम्वन्धित | | वालीको लागी माटोको प्रकार,डेरी उद्योग,कोल्डस्टोर आदिको लागी भवनको अवस्था आदी |
| | *अंकभार* | ४ | ७ | १० | | |
| ३. | प्रस्तावित व्यवसायका लागी वातावरिण अनुकुलता | सन्तोषजनक | राम्रो | उत्तम | | तापक्रम,हावापानी,भौगोलिक अवस्थीति,उचाइ,सिचाईको संभावना आदि |
| | *अंकभार* | ४ | ७ | १० | | |
| ४ | बजारिकरणको संभावना | सन्तोषजनक | राम्रो | उत्तम | | बाटो,वाटो देखिको दुरी, तथा बजारको अवस्थिति |
| | *अंकभार* | ४ | ७ | १० | | |
| ५. | व्यवसायले प्रदर्शन पार्न सक्ने संभावना | सन्तोषजनक | राम्रो | उत्तम | | बाटो देखिको दुरी,क्षेत्रमा उक्त प्रविधि ग्रहण गर्न सकिने संभावना,व्यवसाय संचालकको प्रस्तुती सीप |
| | *अंकभार* | ४ | ७ | १० | | |
| | ***जम्मा*** | **२०** | **३५** | **५०** | | |

- स्थलगत प्रमाणिकरणका लागी गाउँपालिकाले गाउँपालिका तथा वडा समेतका लागी सम्वन्धित शाखाको शाखा प्रमुख वा प्राविधिक कर्मचारी खटाउने छ।
- उक्त व्यवसायको प्रमाणिकरण सम्वन्धित शाखाको प्रमुख र प्राविधिक कर्मचारीले गर्नेछन।
- तोकेको समितिले यसमा प्रस्तुत आधारलाई मुल्यांकन प्रयोजनका लागी उल्लेखित सुक्ष्म आधारका अतिरिक्त सो सँग सम्वन्धित अन्य आधार वनाउन सक्ने छ।
- अंकभार प्रदान गर्दा सोका आधार स्पष्ट रुपमा कैफियतमा उल्लेख गर्नुपर्ने छ साथै मुल्यांकन फारम प्रमाणित गर्नु पर्ने छ।

**अनुशुची ७**

**(कृषि व्यवसाय संचालन गर्न सकिने विषय ,क्षेत्र र न्यूनतम मापदण्ड )**

**(१) तरकारी खेती**

- वेमौसमि तरकारी उत्पादन पूर्वाधार निर्माण : हाईटेक नर्सरी,ग्रीनहाउस वा नेट हाउस,थोपा सिंचाई सहितको प्लाष्टिक घर भित्र व्यवसायिक तरकारी उत्पादन।
- दुई वा दुई भन्दा वढी उन्नत प्रविधि अपनाई गरिएको लागत पुष्ट्याई हुने व्यवसायिक तरकारी उत्पादन।
- खुल्ला ठाउमा वेमौसमि तरकारी उत्पादन।
- मूल्य श्रृंखलामा आधारित मुल्य अभिवृद्धि हुने व्यवसायिक तरकारी उत्पादन।
- समुदायमा आधारित व्यवसायिक वेर्ना उत्पादन।

(२) फलफुल उत्पादन

- प्राथमिकितामा आधारित वालीमा २ वा सो भन्दा वढी उन्नत प्रविधि अपनाई गाउँपालिका क्षेत्रभित्र कम्तिमा न्यूनतम १० कठ्ठा वा सो भन्दा वढी जमिनमा विशेष प्रजातीको वा मिश्रित फलफुल योजना ।
- प्राथमिकिता प्राप्त वाली : ( आँप,केरा,लिची,मेवा,स्ट्रवेरी,कागती,भुई कटहर)

(३) **व्यवसायिक नगदेवाली**

- प्राथमिकितामा आधारित वालीमा २ वा सो भन्दा वढी उन्नत प्रविधि अपनाई गाउँपालिका क्षेत्रभित्र कम्तिमा न्यूनतम ४ विघा वा सो भन्दा वढी जमिनमा विशेष प्रजाती नगदेवाली योजना ।
- प्राथमिकिता प्राप्त वाली : (ऊखु वाली ,जुटवाली )

(४) **च्याउ उत्पादन**

- कम्तिमा वार्षिक ५० के.जि.कन्ये वा गोब्रे च्याउ विउ र कम्तिमा १०० मुडामा सिताके च्याउ बिउको प्रयोग गरी सिफारिस प्रविधि अनुसार च्याउ उत्पादन र मुल्य श्रृंखलाको आधार एवं दिगो व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना ।

(५) **मौरीपालन** :

- कम्तिमा ५० वटा आधुनिक मौरीघारको प्रयोग गरी सिफारिश प्रविधि अनुसार मौरीपालन गरी मह उत्पादन र बजार मुल्य श्रृंखलाको आधार एवं दिगो व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना ।

(६) **एकिकृत फार्म/कृषिसहकारी/व्यवसाय**

- कम्तिमा वार्षिक संचालन खर्च ५ लाख लागत अनुमान भएको माथि उल्लेखित वस्तुको कुनै २ वा ३ वटा वस्तुको एकिकृत उत्पादन र बजार मुल्य श्रृंखलाको आधार एवं दिगो व्यवस्थापन सहितको परियोजना ।

**अनुशुची ८**

**(कृषि व्यवसाय संचालन गर्नको लागी आवेदकले पेश गर्नुपर्ने प्रस्तावको नमुना )**

मोडल फार्म परियोजना प्रस्ताव

१) आवेदक र सम्पर्क व्यक्ति सम्वन्धि विवरण

| | |
|---|---|
| आवेदकको नाम | |
| पुर्ण ठेगाना | |
| संस्था दर्ता भएको मिति | |
| स्थायी लेखा नम्वर | |

| | |
|---|---|
| संस्थाको मुख्य उद्धेश्य | |
| प्रोपराईटर वा अध्यक्षको नाम | |
| मोवाईल नं. र ईमेल | |
| व्यवसाय स्थल (कार्यक्षेत्र) | |
| प्रस्तावित परियोजनाको नाम | |
| प्रस्तावित आयोजनाको कुल खर्च ( यसमा अनुदान र अनुदानग्राहीको तर्फवाट व्योहोरिने खर्च समेत समावेश गर्ने) | |
| साझेदार निकाय वाट प्राप्त हुने सहयोग रकम रु. | |
| माग गरेको कुल अनुदान रकम रु. | |
| अन्य श्रोत वा वित्तिय सहकार्यमा कुनै काम भईरहेको भए,कुन संस्थावाट के के उदेश्यका लागी वित्तिय सहयोग पाउनु भएको छ ,खुलाउनु होस | |
| प्रस्तावना पेश गर्ने कार्यालयको नाम | |

२) प्रस्तावनाको औचित्य तथा महत्व : हाल कसरी खेती वा व्यवसाय संचालन गर्दै हुनुहुन्छ आफनो कार्य अनुभव सहित उल्लेख गर्दै प्रस्तावित नमुना फार्म किन र कसरी स्थापना वा संचालन गर्न लाग्नु भएको छ ,आफनो वित्तिय अवस्था समेत झल्किने गरी करिब ३०० शब्दमा नवढाई लेख्नुहोस ।

.................को हालको व्यवसायको अवस्था

| क्र.स. | हालको व्यवसाय वा खेतीपाती | व्यवसाय वा खेतीपाती गरेको क्षेत्रफल | अनुमानित वार्षिक उत्पादन (केजी,मे.टन) | अनुमानित वार्षिक आम्दानी | रोजगारी सिर्जना |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| | जम्मा | | | | |

३) प्रस्तावित कृषि व्यवसायका मूख्य मूख्य क्रियाकलापहरु

| क.स. | क्रियाकलाप विवरण | ईकाई | परिमाण | | | सम्पन्न गर्ने मिति |
|---|---|---|---|---|---|---|
| | | | विद्यमान | थप गर्ने | जम्मा | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| महलहरु आवश्यक्ता अनुसार थप गर्न सकिने छ। | | | | | | |

४) प्रस्तावित कृषि व्यवसाय स्थापना र संचालन पश्चात अपेक्षित उपलब्धिहरु र वार्षिक उत्पादन विवरण

प्रस्तावित व्यवसायका अपेक्षित उपलब्धिहरु तपसील वमोजिमका हुने छन।

| विवरण/वर्ष | बर्ष १ | बर्ष २ | बर्ष ३ | बर्ष ४ | बर्ष ५ | बर्ष ६ | बर्ष ७ | बर्ष ८ | बर्ष ९ | बर्ष १० |
|---|---|---|---|---|---|---|---|---|---|---|
| व्यवसायको आकार | | | | | | | | | | |
| बर्षिक उत्पादन | | | | | | | | | | |
| बार्षिक खर्च | | | | | | | | | | |
| बार्षिक जम्मा आम्दानी | | | | | | | | | | |
| रोजगारी सिर्जना | | | | | | | | | | |

५) खर्च विवरण

क) स्थिर खर्च विवरण

कृषि यन्त्र उपकरणहरु,जग्गा विकास भवन,तारवार सिचाई व्यवस्थापन आदि जस्ता संरचना निर्माण,वाली उत्पादन पूर्व  संचालन खर्च आदि ।

| क.स. | क्रियाकलाप विवरण | ईकाई | परिमाण | दर रु. | जम्मा खर्च रु. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | कुल जम्मा | | | | |
| आवश्यक्ता अनुसार महलहरु थप गर्न सकिने छ। | | | | | |

ख) चालु खर्चको विवरण

कामदार मल,विउ,वेर्ना,व्यवस्थापन,रोग र किरा व्यवस्थापन आदि ।

| क.स. | क्रियाकलाप विवरण | ईकाई | परिमाण | दर रु. | जम्मा खर्च रु. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | कुल जम्मा | | | | |
| आवश्यक्ता अनुसार महलहरु थप गर्न सकिने छ। | | | | | |

६.लागत साझेदारी

तालिका : लागत साझेदारीमा संचालन हुने कार्यक्रमहरु र माग गरिएको अनुदान रकमको विवण

| क.स. | विविरण | जम्मा खर्च रु. | पहिलो वर्षको खर्च रु. | दोस्रो वर्षको रु. | गाउँपालिका/वडा सँग माग गरिएको अनुदान रकम | अनुदान ग्राहीले वेहोर्ने रकम रु. | अन्य वित्तिय संस्था वा निकायको सहयोग रु. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | कुल जम्मा | | | | | | |

७) स्थापना वा संचालन हुने कृषि फार्म वा व्यवसायका सदस्यहरु वीच कामकाज तथा लाभ लागत वाँडफाँड तथा व्यवसाय संचालन योजना तथा विधिवारे २०० शब्दमा नवढाई उल्लेख गर्नुहोस ।

८.उत्पादित कृषि वस्तुको प्रसोधन तथा बजारिकरण योजना तथा उक्त वालि वस्तुको मूल्य श्रृंखलामा अग्रगामी तथा पश्चगामी सम्वन्ध वारे बढीमा १५० शब्दमा नवढाई उल्लेख गर्नुहोस ।

९.प्रस्तावित कृषि व्यवसाय स्थापना तथा संचालन पश्चात भविष्यमा निरन्तर रुपमा संचालन गर्ने योजना तथा फार्मको दिगोपना वारे बढीमा १५० शब्दमा नवढाई लेखनुहोस ।

१०) प्रस्तावित कृषि व्यवसाय स्थापना तथा संचालन ले आसपासमा रहेका कृषकहरुमा पार्ने प्रदर्शन प्रभाव -म्भयलकतचबतष्यल भााभअत) तथा समुदायमा प्रविधि प्रचार प्रसार योजना वारे उल्लेख गर्नुहोस ।

नोट : माथि १ देखी १० नम्वर सम्मको विवरण भर्ने क्रममा प्रस्तावमा उल्लेख गरिएका कुराहरुलाई पुष्टि गर्ने दस्तावेजहरु भए स्वयं प्रमाणित गरी प्रतिलिपी समावेश गर्न सकिने छ । झुटा दस्तावेजहरु पेश गरेमा छनौट प्रकृयामा सहभागी गराइने छैन ।

अनुशुची ८

## (कृषि व्यवसाय संचालन गर्नको लागी सम्झौता पत्रको नमुना )

### सम्झौता पत्र

श्री.....................................(यस पछि पहिले पक्ष भनिने ) र सुनसरी जिल्ला बर्जु गाउँपालिका वडा नं............मा स्थापना भएको श्री.............................. का प्रोपराईटर वा अध्यक्ष ( यस पछि दोस्रो पक्ष भनिने ) वीच साझेदारी सहकार्यमा आ.व.............................को स्वीकृत ........................................................ कार्यक्रम बर्जु गाउपालिका/.......नं.वडा कार्यालय को ............मा संचालन गर्न तपसील वमोजिमका शर्तका अधिनमा रही यो सम्झौता पत्रमा हस्ताक्षर गरी लियौं/दियौं ।

तपसिल

१. यो सम्झौता सम्झौता भएको मितिवाट प्रारम्भ हुने छ ।

दोस्रो पक्षले कार्यालयको लागत इष्टिमेट अनुसार ................व्यवसाय ...............( व्यवसायको आकार उल्लेख गर्नुपर्ने ) मा संचालन गरको हुनु पर्ने छ । यसरी स्थापन गरिने कृषि व्यवसायको कुल लागतको बढीमा ......प्रतिशतले हुन आउने रकम रु................अक्षरेपी .......................... रकम अनुदान स्वरुप पहिलो पक्षले दोस्रो पक्षलाई उपलब्ध गराउने छ ।

२.कार्यक्रम शुरु गर्नको लागी पेश्की रकम आवश्यक भएमा गाउँपालिका वा वडाले दिने कुल अनुदानको २० प्रतिशत रकम पेश्की स्वरुप उपलब्ध गराउन सक्नेछ । कार्य सम्पन्नताको आधारमा उक्त रकम एकमुष्ट वा बढीमा ३ किस्तामा उपलब्ध गराईने छ ।

३.यसै साथ संलग्न स्वीकृत लागत ईष्टिमेट अनुसारका कृयाकलापहरु दोस्रो पक्षले पहिलो पक्षको सहयोग लिई आफै संचालन गर्नुपर्ने छ ।

४.सम्झौता भएको मितिले १५ दिन भित्र लागत ईष्टिमेट अनुसार कार्य शुरु गरिसक्नु पर्ने छ । यदि शुरु नगरेमा सम्झौता स्वतः रद्य हुनेछ ।

६.दोस्रो पक्षले लागत इष्टिमेट अनुसारका क्रियाकलापहरु आफै संचालन नगरी कुनै अर्को पक्षलाई ठेक्कापट्टामा कार्यक्रम दिन पाइने छैन ।

७.यस सम्झौतामा उल्लेख भएका नियमहरु यसै वमोजिम र यसमा उल्लेख नभएका नियमहरु प्रचलित नियम कानुन वमोजिम लागु हुने ।

| प्रथम पक्षको तर्फवाट | दोस्रोपक्षको तर्फवाट |
|---|---|
| नाम थर | नामथर |
| पद | पद |
| संस्थाको नाम र छाप | संस्थाको नाम र छाप |
| मिति | मिति |